## आ.व. २०८०/८१ को सत्ताईसौ कार्यपालिका बैठक

आज मिति २०८१।०३।२० गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन्।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका। |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगर राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रण बहादुर पुजाली सार्की, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका। |

सदस्य सचिव श्री नेब बहादुर वली, राप्ती गाउँपालिका

### आमन्त्रित

श्री विश्वास विक, शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत छैठौं (प्रशासन सेवा)

## मिति २०८१।०३।२० गते बसेको सत्ताईसौ कार्यपालिका बैठकका निर्णयहरु :-

**निर्णय नं १**- शैक्षिक सत्र २०८१ देखि निम्नानुसारको संस्थागत विद्यालयलाई राप्ती गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा संचालन सम्बन्धी कार्यविधि २०७९ को नियम ५ अनुसार देहाय बमोजिम कक्षा ११ थपका लागि अनुमति प्रदान गर्ने ।

| क्र. सं. | विद्यालयको नाम ठेगाना | अनुमति प्राप्त कक्षा | अनुमति प्रदान गर्ने कक्षा | विद्यालयको प्रकार | आर्थिक दायित्व |
|---|---|---|---|---|---|
| १ | श्री चैतन्य पाठशाला प्रा.लि., राप्ती गापा ४ दाङ | कक्षा १० | कक्षा ११ | संस्थागत | गाउँपालिकाले आर्थिक दायित्व वहन गर्नु नपर्ने |

**निर्णय नं. २** – स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका दाङबाट राजधानी क्षेत्रको भालुवाङ अस्पतालको सेवा सुचारु पुर्ण रुपमा संचालन गर्नका लागि लालमटिया स्वास्थ्य चौकीमा रहेको भवन संरचना अपर्याप्त भएकोले त्यस राप्ती गा पा अन्तरगत निर्माण सम्पन्न भएको राप्ती आधारभुत अस्पताल (१५ शैया) सिसहनिया,कालापानी राप्ती गापा – ५ दाङको भवन उपयोगको सहमती माग भै आएकोमा छलफल गर्दा भालुवाङ अस्पतालको आफ्नै भवन तयार नहुदाँ सम्म विभागिय सेवा संचालनका लागि आधारभुत अस्पताल संचालनमा सहयोग पुग्ने गरी केही भाग उपयोग गर्न सहमती प्रदान गर्ने ।

**निर्णय नं.३**- यस गाउँपालिका अन्तरगत सिसहनिया स्वास्थ्य चौकीमा अ.न.मि. सहायक पाचौ तहमा कार्यरत विमला चौधरीले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को मिति २०८१।०३।१५ को सूचना बमोजिम प्रमाण पत्र तहको नर्सिङको प्रवेश परीक्षामा सहभागी हुन पुर्व स्विकृतिको लागि अनुरोध गरे बमोजिम अनुमति दिन सिफारिस गर्ने ।

**निर्णय नं. ४**– आ.व. २०८१।८२ राप्ती गाउँपालिकाको स्थानीय दररेट २०८१ स्विकृत गर्ने ।

**निर्णय नं.५**- राप्ती गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिको आचारसंहिता २०८१ स्विकृत गर्ने ।

**निर्णय नं.६**- राप्ती गाउँपालिकाको मानव अधिकार कार्यविधि २०८१ स्विकृत गर्ने ।

**निर्णय नं.७**- राप्ती गाउँपालिकाको सामाजिक समावेशीकरण नीति २०८१ स्विकृत गर्ने ।

**निर्णय नं. ८**-राप्ती गाउँपालिकाको सामाजिक विभेद निवारण सम्बन्धी पञ्चवर्षिय कार्ययोजना २०८१ स्विकृत गर्ने ।

**निर्णय नं.९** – राप्ती गाउँपालिकाको कक्षा ४ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक स्विकृत गर्ने ।